पाठ ४३

१	**प्रार्थना**

समूहको अगुवा - परमेश्वरको उपस्थितिप्रति सचेत हुन र उहाँको आवाज सुन्न उहाँको आत्माद्वारा परमेश्वरको अगुवाइ माग्नको लागि प्रार्थना गर्नुहोस्। चेलालाहरू बनाउने बारेको यो पाठलाई प्रभुमा समर्पण गर्नुहोस्।

२	**आराधना** (२० मिनेट)	[मनोवृत्तिको अभिव्यक्ति] परमेश्वरलाई धन्यवाद दिनु

यो पाठमा हामी परमेश्वरलाई धन्यवाद दिएर हाम्रो आराधना प्रकट गर्ने कुराको बारेमा सिक्दछौं।

भजन १०७:१-९,१०-१६,१७-२२ पढ्नुहोस्।
परमेश्वरले प्रार्थनाको उत्तरहरू दिनुहुन्छ; त्यसैगरी उहाँले आश्चर्यकर्महरू गर्नुहुन्छ, असल कुराहरू र सिक्नुपर्ने पाठहरू सिकाउनुहुन्छ।
यी कुराहरूलाई ध्यानमा राख्नुहोस्: परमेश्वरले तपाईंको जीवनमा उत्तर दिनुभएको प्रार्थना; तपाईंको जीवनमा परमेश्वरले गर्नुभएको आश्चर्यकर्म; अथवा उहाँले तपाईंलाई सिकाउनुभएको असल शिक्षा अथवा विशेष पाठ।
आराधना गर्नुहोस् - माथि उल्लेखित कुराहरूमध्ये कुनै एकको निम्ति एक-दुई वाक्यमा पालैपालो परमेश्वरलाई धन्यवाद दिनुहोस्।
(उदाहरण: क. उहाँले तपाईंलाई जीवनसाथी दिनुभयो; ख. उहाँले तपाईंको जीवन बचाउनुभयो; ग. उहाँले तपाईंलाई आत्म-सम्मान दिनुभयो (यशैया ४३:४); घ. उहाँले तपाईंलाई आफ्नो सत्रुलाई क्षमा दिन सामर्थ्य दिनुभयो।)

३	**सिकेको कुरा बाँड्नु** (२० मिनेट)	[शान्त समय] एस्तर २,३,४,५ अध्यायहरू

तोकिएको बाइबल खण्ड (एस्तर २,३,४,५ अध्यायहरू) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)। अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

४	**शिक्षा** (७० मिनेट)	[प्रभुत्व] परमेश्वरको इच्छा पत्ता लगाउनु

"तपाईंले आफ्नो जीवनको लागि परमेश्वरको असल योजना कसरी अनुभव गर्न सक्नुहुन्छ?"
"तपाईंको जीवनको लागि परमेश्वरको योजनासँग उहाँको चरित्र कसरी सम्बन्धित छ?"
"तपाईंले गर्नुपर्न निर्णय र छनौटहरूलाई ध्यान राखेर परमेश्वरको इच्छा पत्ता लगाउने मार्गदर्शक सिद्धान्तहरू के-के हुन?"
"के परमेश्वरले तपाईंलाई केही छनौट गर्न स्वतन्त्रता दिनुहुन्छ?"

क. परमेश्वरको इच्छा-योजना उहाँको चरित्रसँग सम्बन्धित हुन्छ

१. परमेश्वरको इच्छा अथवा योजना

एफिसी १:११ ले भन्दछ, "उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्रायअनुसार हामीलाई छान्नुभएको छ।" परमेश्वरको योजनामा के कुरा समावेश छ? सम्पूर्ण सृष्टि र सारा इतिहासका लागि परमेश्वरको योजनामा प्रत्येक जीवनको लागि उहाँको योजना समावेश छ।
- परमेश्वरको योजनाले तपाईंको अद्वितीय व्यक्तित्वलाई सहीरूपमा पूरा गर्दछ र त्यसलाई विकास गर्दछ।
- परमेश्वरको योजना उहाँको समझमा तपाईंको निम्ति भएको जीवनको उद्देश्यसँग ठ्यक्कै मेल खान्छ।
- परमेश्वरको योजनामा उहाँले तपाईंको जीवनमा आउन दिनुहुने परिस्थितिहरूका साथै उहाँले तपाईंलाई दिनुहुने व्यक्तिगत

निर्देशन सामेल हुन्छ।
परमेश्वरको योजना प्रत्येक व्यक्तिका लागि बनाइएको हो, किनभने प्रत्येक व्यक्ति र उसको लागि परमेश्वरको योजना उहाँको हृदयमा एकसाथ जन्मिएका हुन् (यशैया ४३:७)।

२. परमेश्वरको चरित्र

तपाईंको जीवनमा परमेश्वरको योजना पूरा गर्नको लागि उहाँको चरित्र जान्नु कति महत्वपूर्ण छ?

परमेश्वर कृपालु, दयालु, रिस गर्नमा ढिलो, प्रेममा धनी अनि उहाँ आफूले बनाउनुभएका सबैथोकप्रति असल हुनुहुन्छ।
यसर्थ, तपाईंले परमेश्वरलाई जति राम्ररी जान्नुहुन्छ, त्यति नै बढी तपाईं आफ्नो जीवनको लागि उहाँको योजनामा र उहाँका प्रतिज्ञाहरू भरोसा गर्नुहुन्छ (भजन १४५:८-९; २३:१-६)।

परमेश्वर सत्यले पूर्ण हुनुहुन्छ अनि उहाँले जे भन्नुहुन्छ, त्यही गर्नुहुन्छ।
यसर्थ, तपाईंले जति राम्ररी परमेश्वरको सत्यता (परमेश्वरले जे भन्नुहुन्छ) जान्नुहुन्छ, त्यति नै बढी तपाईं उहाँको इच्छा अथवा योजना बुझ्न सक्नुहुनेछ। परमेश्वरले पहिले लिखित बाइबलमार्फत आफ्नो सत्यता प्रकट गर्नुहुन्छ र त्यसपछि उहाँको पवित्र आत्माद्वारा गर्नुहुन्छ, जसले तपाईंको समझ, हृदय र जीवनमा बाइबलको सत्यतालाई लागू गर्नुहुन्छ (गन्ती २३:१९; यूहन्ना १४:१६-१७,२६; १६:८,१३-१४; १७:१७)।

३. परमेश्वरको प्रकाश

परमेश्वर आफ्नो सृष्टि र प्राणीहरूभन्दा अति नै विशाल हुनुहुन्छ। परमेश्वरले आफ्ना सबै इच्छा-योजना मानिसहरूलाई प्रकट गर्नुभएको छैन। परमेश्वरले मानिसहरूलाई प्रकट गर्नुभएको कुरामा परमेश्वरको निर्देशनको सन्दर्भमा विशेष तथा साधारण शिक्षाहरू पनि समावेश छन्।

परमेश्वरको प्रकट गरिएको इच्छाको उद्देश्य
भजन ३२:८ पढ्नुहोस्। परमेश्वरले तपाईंलाई डोऱ्याउने प्रतिज्ञा दिनुभयो।
यूहन्ना १४:२१,२३ पढ्नुहोस्। परमेश्वरको प्रकट गरिएको इच्छाको उद्देश्य यो हो, कि तपाईंले त्यसलाई पालन गर्नुभएको होस् र यसरी ख्रीष्टसँग नजिकको सम्बन्ध प्राप्त गर्नुहोस्। तपाईंले परमेश्वरको प्रकट गरिएको इच्छालाई बुझ्न उत्कट प्रयास गर्नुपर्छ।
व्यवस्था २९:२९; यशैया ५५:८-११ पढ्नुहोस्। जेजस्तो भए तापनि परमेश्वरको गुप्त (प्रकट नगरिएका) इच्छादेखि डराउनुपर्दैन अथवा परमेश्वरले तपाईंको जीवनलाई डोऱ्याउनुहुने परिस्थितिहरूप्रति चिन्तित हुनुपर्दैन। परमेश्वरको स्वभावलाई याद गर्नुहोस्।
रोमी ८:२८ पढ्नुहोस्। परमेश्वरको गुप्त इच्छाको (र व्याख्या नगरिएका परिस्थितिहरूको) उद्देश्य पनि तपाईंकै भलाइको लागि हो! परमेश्वर ज्ञानमा, शक्तिमा र प्रेममा सार्वभौम सम्पन्न हुनुहुन्छ भन्ने कुरा याद गर्नुहोस्।

परमेश्वरको विशेष शिक्षाहरूको उदाहरणहरू:
बाइबलमा भएका विशेष आज्ञाहरू, निषेधाज्ञाहरू र शिक्षाहरू- यी सबै परमेश्वरले माग गर्नुहुन्छ; जस्तै:

- प्रस्थान २०:१२ पढ्नुहोस्। मानिसहरूले आफ्न आमाबुबाको आदर गर्ने कुरा परमेश्वरले आज्ञा गर्नुहुन्छ।
- प्रस्थान २०:१४ पढ्नुहोस्। यौनजन्य अनैतिकतालाई परमेश्वरले निषेध गर्नुहुन्छ।
- मत्ती ६:१४-१५ पढ्नुहोस्। एकले अर्कालाई क्षमा दिनुहुन्छ भनी परमेश्वरले मानिसहरूलाई सिकाउनुहुन्छ।

परमेश्वरको साधारण शिक्षाहरूको उदाहरणहरू
बाइबलका साधारण शिक्षाहरू अथवा सिद्धान्तहरू ती क्षेत्रहरूसँग सम्बन्धित छन्, जहाँ पहिले तपाईंले विभिन्न कारक तत्वहरूबारे विचार गर्नुपर्छ अनि त्यसपछि यी विचारहरूका आधारमा त्यसलाई छनौट गर्नुपर्छ; जस्तै:

- एफिसी ५:१०,१५-१६ पढ्नुहोस्। तपाईंले यो कुरा विचार गर्नुपर्छ, कि कुन कुराहरूले परमेश्वरलाई प्रसन्न तुल्याउँछ र कुन कुराले प्रसन्न तुल्याउँदैन।
- रोमी १४:१९ पढ्नुहोस्। बुद्धिमान् व्यक्तिको रूपमा कसरी जिउने भनी तपाईंले विचार गर्नुपर्दछ।
- १ कोरिन्थी १०:२३ पढ्नुहोस्। कुन कार्य वास्तवमै उपयोगी र रचनात्मक छन् भनी तपाईंले विचार गर्नुपर्छ।

निश्चय नै बाइबलका विशेष शिक्षाहरूका साथै साधारण सिद्धान्तहरूलाई पनि सही किसिमले व्याख्या गरिनुपर्छ।

ख. परमेश्वरको इच्छाको सम्बन्धमा उहाँको विशेष शिक्षाहरू

परमेश्वरले आफ्नो इच्छाको प्रकाशको रूपमा र तपाईं जानुपर्ने बाटो देखाउने कम्पास अथवा मानचित्रको रूपमा बाइबल दिनुभएको छ। बाइबलमा परमेश्वरको प्रकाशको भागहरूमा विशेष आज्ञाहरू, निषेधाज्ञाहरू र शिक्षाहरू समावेश भएको हुन्छ। कुन वेशेष क्षेत्रमा परमेश्वरको इच्छा बुझ्नलाई पहिले तपाईंले आफ्नो प्रश्नको विषयको सन्दर्भमा सबै विशेष आज्ञाहरू, निषेधाज्ञाहरू अथवा शिक्षाहरूलाई मनन गर्नुपर्छ।

१. बाइबलमा तपाईंले विचार गर्नुभएको विषयबारे परमेश्वरले विशेषगरी के भन्नुहुन्छ? (२ तिमोथी ३:१६-१७)

तपाईंले विचार गर्नुभएको यस विशेष क्षेत्र अथवा विषयमा बाइबलको कुन विशेष आज्ञा, निषेधाज्ञा र शिक्षाहरू लागु हुन्छन्? यस क्षेत्र अथवा विषयका बारेमा तपाईंले बाइबलमा पाउनुहुने सबै कुराहरूलाई जम्मा गर्नुहोस्। त्यसपछि बाइबललाई सही रूपमा व्याख्या गर्नुहोस् (२ तोमोथी २:१५)।

२. बाइबलको कुन खण्ड अथवा कुन प्रतिज्ञाले मलाई अहिले उत्प्रेरित गर्छ? (भजन ११९:१३०)

तपाईंको बाइबल अध्ययन अथवा शान्त समयको बेलामा परमेश्वर तपाईंसँग बोल्नुहुन्छ भनी अपेक्षा गर्नुहोस्। यो कुरामा पूर्णरूपमा निश्चित हुनुहोस् कि तपाईंको व्यक्तिगत प्रयोगमा यो कुरा पूर्णरूपमा मेल खान्छ:

- उक्त बाइबल खण्डमा परमेश्वरले तपाईंलाई के भन्न खोज्नुहुन्छ भन्ने कुरासँग
- उक्त खण्डले मुख्य जोड दिएको कुरासँग
- र बाइबलको अरू बाँकी भागमा उल्लेखित परमेश्वरको शिक्षाहरूसँग

३. अहिले मैले कति हदसम्म परमेश्वरको प्रकट गरिएको इच्छालाई पूरा गर्दैछु? (हितोपदेश १:२२-२३)

यदि तपाईंले थाहा पाउनुभएको परमेश्वरको इच्छालाई अस्वीकार गर्नुहुन्छ भने तपाईंले थाहा नपाउनुभएको कुरा परमेश्वरले तपाईंलाई देखाउनु होला भनी तपाईं अपेक्षा गर्न सक्नुहुन्न।

४. परमेश्वरको इच्छा जेजस्तो भए तापनि के म त्यसलाई पूरा गर्न इच्छुक छु? (लूका ६:४६-४९)

परमेश्वरले तपाईंले उहाँका वचनहरू सुनेको मात्र होइन तर तिनलाई व्यवहारमा उतारेको पनि चाहनुहुन्छ। तपाईंको जीवनको लागि परमेश्वरको इच्छाको बारेमा तपाईंले उहाँसँग सौदाबाजी गर्न पाउनुहुन्न।

ग. परमेश्वरको इच्छाको सम्बन्धमा उहाँका साधारण शिक्षाहरू

बाइबलमा भएको परमेश्वरको प्रकाशको अर्को भागमा साधारण शिक्षाहरू अथवा मार्ग निर्देशन गर्ने सिद्धान्तहरू समावेश छन्। जब तपाईं कुनै विशेष क्षेत्रमा अथवा कुनै विशेष विषयको सम्बन्धमा परमेश्वरको इच्छालाई विचार गर्दैहुनुहुन्छ र बाइबलमा कुनै विशेष निर्देशन, निषेधाज्ञा अथवा शिक्षा पाउनुहुन्न, तब तपाईंले परमेश्वरको इच्छा पत्ता लगाउनको लागि बाइबलको सात वटा साधारण शिक्षाहरू अथवा मार्दर्शक सिद्धान्तहरूका आधारमा बुद्धिमानीसाथ निर्णय लिनुपर्छ।

१. बुद्धिमानीसाथ निर्णय अथवा छनौट गर्नुहोस्।

परमेश्वरको इच्छा पूरा गर्ने कुरामा उहाँले इसाईहरूलाई निकै स्वतन्त्रता दिनुभएको छ। जीवनको समग्रताको सम्बन्धमा तुलानात्मकरूपमा थोरै विशेष आज्ञाहरू, निषेधाज्ञाहरू र शिक्षाहरू छन्। इसाईहरूलाई आफ्ना निर्णयहरू अथवा छनौटहरूभित्र धेरै स्वतन्त्रता दिइएको छ।

(१) मैले विचार गरिरहेको विषयवस्तुको सम्बन्धमा निर्णय अथवा छनौट गर्न के मलाई स्वतन्त्रता छ? अथवा यस विषयवस्तुको विषयमा के कुनै विशेष आज्ञा, नषेधाज्ञा अथवा शिक्षा छ?

टिप्पणी - त्यस विषयवस्तुको बारेमा कुनै विशेष आज्ञाहरू, निषेधाज्ञाहरू अथवा शिक्षाहरू छन् भने तपाईंले पहिले त्यसको बारेमा मनन गर्नुपर्छ। यदि त्यस विषयवस्तुको बारेमा कुने विशेष आज्ञाहरू, निषेधाज्ञाहरू अथवा शिक्षाहरू छैनन् भने, त्यसपछि तपाईं बुद्धीमानीसाथ निर्णय अथवा छनौट गर्न स्वतन्त्र हुनुहुन्छ।

बाइबलको निम्नलिखित उदाहरणहरूले यो देखाउँछ, कि कहिलकाहिँ परमेश्वरलाई समानरूपमा उचित लाग्ने अनेकौँ छनौटहरू हुन्छन्, जसबाट छान्नको लागि इसाईहरू स्वतन्त्र छन्। इसाईहरू यी छनौटहरू गर्न स्वतन्त्र छन्:

- उनीहरू सागसब्जी मात्र खान अथवा सबैथोक खान स्वतन्त्र छन् (रोमी १४:१-४)।
- उनीहरू कुनै निश्चित दिनलाई हरू दिनहरूभन्दा पवित्र मान्ना अथवा सबै दिनलाई समानरूपमा मान्न स्वतन्त्र छन् (रोमी १४:५-६)।
- उनीहरू अविवाहित रहन अथवा विवाह गर्न स्वतन्त्र छन् (१ कोरिन्थी ७:८-९,३९)।
- उनीहरू कसलाई कति उपहार दिने भनी निर्णय गर्न स्वतन्त्र छन् (२ कोरिन्थी ९:६-७)।

निश्चय नै इसाईहरूको स्वन्त्रता समग्रमा बाइबलका शिक्षाहरूमा आधारित हुनुपर्छ।

(२) बुद्धिका श्रोतहरू के-के हुन्?

टिप्पणी - परमेश्वरले इसाईहरूलाई बुद्धिद्वारा अगुवाइ गर्नुहुन्छ। बुद्धिका श्रोतहरू भनेको परमेश्वरको वचन (भजन ११९:९७-१००), परमेश्वरको आत्मा (यशैया ११:२), प्रार्थना (याकूब १:५), परामर्श (हितोपदेश११:४) र खोज-अनुसन्धान (नहेम्याह २ अध्याय) हुन्।

(३) मैले विचार गरिरहेको विषयवस्तुको सम्बन्धमा के कुरा असल छ र के कुरा उत्तम छ?

१ कोरिन्थी ७:१,९ पढ्नुहोस्।

टिप्पणी - केही कुरा असल हुन सक्छन्, तैपनि यो स्वभाविक रूपमा लागु हुँदैन कि त्यो कुरा तपाईंको लागि अथवा अर्को व्यक्तिको लागि उत्तम हो!

(४) मैले विचार गरिरहको विषयवस्तुको सम्बन्धमा के कुरले समस्या ल्याउँछ र के कुराले खुसी र शान्ति दिन्छ?

१ कोरिन्थी ७:२८,४०; रोमी १४:१९ पढ्नुहोस्।

टिप्पणी - कुनै कुरा उचित भए तापनि त्यसले कुनै समस्या अथवा उदासीपन ल्याउँदैन भन्ने छैन! कहिलकाहिँ शान्तितर्फ डोऱ्याउने बाटो रोज्नु नै बुद्धिमानी निर्णय हुन्छ र कहिलकाहिँ बुद्धिमानी निर्णयले समस्या र अप्ठेरो परिस्थितितिर पनि पुऱ्याउन सक्छ।

(५) मैले विचार गरिरहको वषयवस्तुको सन्दर्भमा के कुरा उचित छ र के कुरा लाभदायी अथवा रचनात्मक छ?

१ कोरिन्थी १०:२३ पढ्नुहोस्।

टिप्पणी - कुनै कुरा उचित भए तापनि त्यो तपाईंको लागि अथवा अरू व्यक्तिको लागि लाभदायी नहुन सक्छ!

(६) मैले विचार गरिरहेको विषयवस्तुको सन्दर्भमा कुन कुरा सल्लाह दिनका लागि उचित छन् र कुन कुरा महत्वपूर्ण छन्?

१ कोरिन्थी १६:४; २ कोरिन्थी ९:५ पढ्नुहोस्।

टिप्पणी - केही कुरा उचित हुनसक्छ, तापनि त्यो सल्लाह दिनका उचित हुन्छ भन्ने छैन! परमेश्वरको बुद्धिले प्राय: विकल्पहरूलाई एउटामा सीमित पारिदिन्छ। यसो भयो भने परमेश्वरलाई प्रसन्न तुल्याउने एउटा मात्र छनौट हुन्छ। जब एकभन्दा बढी विकल्पहरू समानरूपमा बुद्धिमानी (समानरूपमा लाभदायी र रचनात्मक, असल अनि महत्वपूर्ण) हुन्छन्, तब प्रत्येक विकल्प परमेश्वरको लागि समानरूपमा स्वीकारयोग्य हुन्छन्। उहाँको सार्वभौमिकताले तपाईंलाई सही दिशातर्फ डोऱ्याउनेछ (हितोपदेश १६:३३; रूथ २ अध्याय)।

२. बुद्धिमान् व्यक्तिहरू र आमाबुबाको परामर्शलाई ध्यान दिनुहोस्।

तपाईंलाई परामर्श दिन र तपाईंको वास्ता गर्नका लागि परमेश्वरले तपाईंलाई तपाईंको समुदायमा इसाई दाजु-भाइ तथा दिदीबहिनीहरू र केही बुद्धिमान् मानिसहरू दिनुभएको छ। आफैमा भर पर्ने अथवा हठी रहन रुचाउने मानिसहरूलाई परमेश्वरले चेताउनी दिनुहुन्छ (यशैया ३०:१-२)।

(१) ईश्वरीय र परिपक्व इसाईहरू र अरू बुद्धिमान् मानिसहरूको परामर्श के हो? (हितोपदेश १५:२२)

टिप्पणी - तपाईंसँग जति बढी परामर्शदाताहरू हुन्छन्, त्यति नै बढी तपाईंले सत्यताहरू विचार गर्न सक्नुहुनेछ। तपाईंका परामर्शदाताहरूले जति राम्ररी तपाईं र तपाईंको परिस्थितिलाई जान्दछन्, त्यति नै बढी उनीहरूको सल्लाह पूर्ण हुनेछ (हितोपदेश २७:२३)।

आत्मिक र नैतिक मान्यताहरूमा तपाईंका परामर्शदाताहरू इसाई हुनुपर्छ किनभने अविश्वासीहरूसँग ख्रीष्टको मन हुँदैन (१ कोरिन्थी २:१२-१६)। उनीहरू परिपक्व हुनुपर्छ किनभने अपरिपक्व व्यक्तिले असल र खराब छुट्ट्याउन सक्दैन (हिब्रू ५:१४)। त्यसैगरी तिनीहरू ईश्वरभक्त पनि हुनुपर्छ किनभने दुष्ट काम गर्नेहरूको पुकार परमेश्वरले सुन्नुहुन्न (१ पत्रुस ३:१२)।
अर्को पक्ष के हो भने तपाईंका परामर्शदाताहरूमा बुद्धिमान् र जानकार अइसाईहरू सामेल हुन सक्छन् (हितोपदेश १४:७)।

(२) म अझै उमेरमा कलिलै छु भने मेरा आमाबुबाको परामर्श के हो? (हितोपदेश १:८-९)

टिप्पणी - तपाईं उमेरमा कलिलो हुनुभएसम्म परमेश्वरले तपाईंलाई निर्माण गर्न र वयस्क जीवनको लागि तयार पार्न तपाईंका आमाबुबालाई प्रयोग गर्नुहुन्छ। तपाईंका आमाबुबाको सल्लाह परमेश्वरको प्रत्यक्ष आज्ञाहरू अथवा शिक्षाहरू विरुद्ध छन् भने मात्र तपाईंले उहाँहरूलाई नम्रतापूर्वक अस्वीकार गर्न सक्नुहुन्छ (मत्ती १०:३७; प्रेरित ५:२९)।

(३) मैले ध्यान दिनुपर्ने परामर्शलाई कतै मैले अस्वीकार अथवा वेवास्ता गर्दैछु कि? (हितोपदेश १९:२०-२१)

३. तपाईंले आफ्ना क्षमताहरू र कामहरूलाई ध्यान दिनुहोस्।

परमेश्वरले तपाईंलाई असाधारण व्यक्तित्वका साथ विशेष उद्देश्यको कामको निम्ति सृष्टि गर्नुभएको छ।

(१) परमेश्वरले मालाई कुन स्वभाविक योग्यता र आत्मिक वरदानहरू दिनुभएको छ र उहाँको योजना मेरो जीवनमा पूरा गर्नको लागि मैले यिनलाई कसरी प्रयोग गरेको चाहनुहुन्छ?

टिप्पणी - परमेश्वर तपाईंको सृष्टिकर्ता र पुनर्निमाण गर्नुहुने व्यक्ति हुनुहुन्छ र तपाईं उहाँको उद्देश्यअनुसार जिउन सिक्नुहोस् भनी उहाँले तपाईंलाई केही स्वभाविक योग्यताका साथै आत्मिक वरदानहरू दिनुभएको छ। तपाईंको योग्यताहरू र सीमितपनाहरू यो कुराको सङ्केतहरू हुन् कि परमेश्वरले तपाईं कस्तो भएको र कसरी जिउनुभएको चाहनुहुन्छ।

(२) मैले विचार गरेको विषयवस्तुले कति हदसम्म मेरो व्यक्तित्व विकास र मेरो कामको पूर्णतालाई प्रवर्द्धन अथवा अवरोध गर्छ?

टिप्पणी - तपाईंको व्यक्तित्वमा तपाईंका विश्वास र मान्यताहरू, तपाईंका भावना र व्यवहार सामेल हुन्छन् (२ कोरिन्थी १३:१०)। तपाईंको कामको अर्थ दैनिक साधारण कार्यहरू, तपाईंका जीवनका दीर्घकालीन र छोटो अवधिका लक्ष्यहरू, परमेश्वरबाटको तपाईंको बलावट अथवा तपाईंलाई परमेश्वरले दिनुभएको जिम्मा हो (प्रेरित २०:२४)। तपाईंले जीवनमा बनाउनुहुने केही निर्णय अथवा छनौटहरूले तपाईंको चरित्रमा दाग लगाउन सक्छन्, तपाईंको व्यक्तित्वलाई हानि पुऱ्याउन सक्छ, र तपाईंको कामलाई नकारात्मक प्रभाव पार्न सक्छ। ती निर्णय र छनौटहरूलाईई मात्र ध्यान दिनुहोस्, जसले तपाईंको चरित्र निर्माण गर्छन्, तपाईंको व्यक्तित्व विकार गर्छन् र तपाईंको काममा प्रगति ल्याउँछन्।

तपाईंमाथि नकारात्मक प्रभाव पार्ने सम्बन्धहरू अथवा गतिविधिहरूलाई छिट्टै नै अन्त्य गर्नुपर्दछ (भजन १:१; हितोपदेश १:१०,१५; २ कोरिन्थी ६:१४-७:१)। तैपनि, प्रेम र असल कामहरूका लागि प्रेरित गर्ने सम्बन्धहरू र गतिविधिहरूको खोजी गर्नुपर्दछ (हिब्रू १०:२४-२५)।

(३) परमेश्वरले मलाई के कुरामा प्राथमिकता दिन आग्रह गर्नुहुन्छ? (मत्ती ६:३३)

टिप्पणी - परमेश्वरले तपाईंलाई कुन उद्देश्यको लागि अत्यन्त आवश्यक्ताको अनुभूति दिनुहुन्छ? जीवनमा सबै कुरा समान रूपमा महत्वपूर्ण हुँदैनन्। तपाईंको समयको र मिहेनतको ९०% ती कुराहरूलाई नदिनुहोस्, जसले १०% मात्र फल फलाउँछ। बरू सदाको निम्ति रहने कुराहरूमा आफ्नो सर्वोत्तम समय र मिहेनत लगानी गर्नुहोस्। सामान्यतया, सबैभन्दा महत्वपूर्ण कामहरू पहिले गर्नुहोस् तर कम महत्वपूरण कामहरूका लागि पनि केही समय निकाल्नुहोस्।

४. तथ्यहरू र परिस्थितिहरूलाई ध्यान दिनुहोस्।

जीवनमा तपाईंको स्थान र परिस्थितिहरूका सन्दर्भमा परमेश्वर सार्वभौम हुनुहुन्छ (प्रेरित १७:२४)

(१) मैले विचार गरिरहेको वषयवस्तुका सन्दर्भमा के मैले खोजी गरेको छु र सम्भव भएका सबै वास्तविक अनि सम्बन्धित जानकारी जम्मा गरेको छु? (हितोपदेश २५:२; नहेम्याह २ अध्याय)

टिप्पणी - इसाईहरूले अइसाईहरूसहितका अरू मानिसहरूबाट सत्यताहरू जम्मा गर्नुपर्छ र असल कुरा सिक्नुपर्छ। उदाहरणको लागि तपाईंले जागिर छान्नुहुँदा विभिन्न कम्पनीहरूमा गएर निम्नलिखित जानकारी जम्मा गर्नुहोस्:

- तपाईंको कामको विवरण, कामको शर्त, कामको अवधि, काम गर्ने ठाउँ आदि।
- कामको सम्बन्ध, अधिकार संरचना, कसले निरिक्षण गर्ने, कसलाई निरिक्षण गर्ने आदि।
- मलाई कसरी आदर र कदर गरिन्छ।
- अरू मानिसहरूले यस कामलाई कसरी हेर्छन्?

(२) परमेश्वरले स्पष्टरूपमा एक दिशामा सङ्केत गर्नका लागि कुन हदसम्म परिस्थितिहरू अथवा घटनाहरूलाई मिलाउनुभएको छ? (१ कोरिन्थी १६:८-९; फिलिप्पी १:१२)

टिप्पणी - यस अध्ययनका अरू सिद्धान्तहरूले झैं के परिस्थितिहरूले पनि तपाईंलाई त्यही दिशामा डोऱ्याउँछ?

(३) के ममा स्पष्ट अन्तर्ज्ञान छ, कि मैले परिस्थितिहरूलाई म आफैले मिलाउन कोसिस गरेको छैन? (प्रेरित २४:१६)

(४) मैले अवरोधहरू सामना गर्दैछु भने के मलाई रोक्नका लागि ती परमेश्वरबाट आउँछन् (प्रेरित १६:६-१०) अथवा ती विश्वासद्वारा जित्नको लागि शैतानबाट आउँछन्? (१ थेसलोनिके २:१८)

टिप्पणी - यस अध्ययका सबै सिद्धान्तहरू मनन गरिसकेपछि परमेश्वरका उद्देश्यहरू अझ बढी स्पष्ट हुन्छन्। तर शैतानको सम्भावित उद्देश्यहरू अनि रणनीतिहरूलाई पनि ध्यानमा राख्नुहोस्। विशेषगरी त्यस्तो अवस्थामा प्रार्थना गर्नुहोस्, किनभने अवरोधहरूको विषय कि त चरित्र विकासको विषय हुनसक्छ अथवा आत्मिक लडन्तको विषय हुनसक्छ।

५. विचारहरू र भावनाहरूलाई ध्यान दिनुहोस्।

परमेश्वरले तपाईंलाई उहाँलाई तपाईंको सारा समझले र तपाईंको सारा हृदयले प्रेम गर्ने आज्ञा दिनुभयो (मर्कूस १२:३०; १ कोरिन्थी २:१६; फिलिप्पी २:५)।

(१) मेरा व्यक्तिगत अभिप्राय, चाहना र भावनाहरू के-के हुन्?
अनि सामान्य समझले मलाई के भन्दछ? (१ इतिहास २८:९; भजन ३७:४-६)

स्वार्थी अभिलाषालाई पछ्याउने, मानिसहरूको सहमति जित्न खोज्ने, धन, शक्ति अथवा ख्याति चाहने, अथवा कुनै अन्यायको लागि दु:ख महसुस गर्नेजस्ता कुराहरू विचार गर्नुहोस्। अनि फलदायी मेहनत गर्ने अरूलाई उनीहरूको विश्वासमा वृद्धि हुन सहयोग गर्नेजस्ता कुराहरू विचार गर्नुहोस्। यीमध्ये कुन चाहना र भावनाहरू परमेश्वरबाट आएकोजस्तो लाग्दछ? र कुनचाहि गलत निर्णय गर्नका लागि अथवा अर्को छनौट गर्नको लागि परीक्षा हो जस्तो लाग्छ? तिनको बारेमा प्रार्थना गर्नुहोस्।

(२) मेरो निर्णयबाट प्रभावित हुने मानिसहरूका अभिप्राय, चाहना र सोचाइहरू के-के हुन्? (फिलिप्पी २:३-४)

टिप्पणी - तपाईंले विचार गरिरहनुभएको विषयवस्तुले तपाईंको जीवनसाथी र सन्तानलाई कस्तो प्रभाव पार्नेछ? परमेश्वरको नजरमा तपाईंका धेरैजसो निर्णय र छनौटहरूमा तपाईंकी पत्नी र परिवार धेरै महत्वपूर्ण छन् (व्यवस्था २४:५; मत्ती १९:५-६; १ कोरिन्थी ९:५; १ तिमोथी ३:२,४-५)।

(३) यस अध्ययनका सबै सिद्धान्तहरू मनन गरिसकेपछि परमेश्वरले मलाई अगुवाइ गर्दैछ भनेर के मैले निरन्तर रूपमा भित्री शान्ति र बढ्दो विश्वास अनुभव गर्छु? अथवा मैले बढ्दो असजिलोपन, अधैर्यता, भित्री सङ्घर्ष र गडबडी अनुभव गर्छु? (यशैया ३२:१७)

टिप्पणी - विचार गर्नुहोस् कि यो शान्ति भनेको :

- तपाईंको काम उचित भएको भावना र तपाईंले निर्णय गरिसक्नुभएपछिको डर अथवा असङ्का अथवा सङ्घर्षबाट मुक्त भएको भावना मात्र हो।

- अथवा यो शान्ति सम्भावित अनिश्चितता अथवा भावनात्मक उथुलपुथलका बाबजुद परमेश्वरको वचनमा र वचनद्वारा परमेश्वरको अगुवाइमा स्थिर भरोसा हो।

६. उचित समय र विश्वासलाई ध्यान दिनुहोस्।

तपाईंले गर्नुपर्ने सबैथोक गर्न परमेश्वरले तपाईंलाई समय दिनुभएको छ। उपदेशक ८:५-६ मा लेखिएको छ, "बुद्धिमान् हृदयले उचित समय र तरिका जान्नेछ। हरेक कुराको निम्ति उचित समय र तरिका हुन्छ।"

(१) के मेरा चाहना र भावनाहरूले मलाई अति छिटो अघि बढ्न दबाव दिइरहेका छन्? (हितोपदेश १९:२)

टिप्पणी - स्वार्थी अभिलाषा, अपवित्र जोश, आत्मसंयमको कमी, अधिक अत्मविश्वास, अभिमान, रिस, बदला र अधैर्यताजस्ता कुराहरूले तपाईंलाई ठूलो गल्तीहरूमा पार्न सक्छन्। यसकारण, कुनै निर्णय अथवा छनौट अति छिटो नगर्नुहोस्।

(२) के मेरो चाहना र भावनाहरूले मलाई काम गर्नुअघि धेरै लामो समयसम्म रोकिरहेका छन्? (एफिसी ५:१५-१६)

निर्णायक प्रमाणको पर्खाइ, स्वार्थी अभिप्राय, आत्मरक्षा, विश्वासको कमी र डरजस्ता कुराहरूले तपाईंलाई असल अवसर गुमाउने बनाउन सक्छन्। यसकारण, ढिला नगर्नुहोस्।

(३) सम्मिलित महत्वपूर्ण विषयवस्तुलाई बुझ्न के म आत्मिकरूपमा परिपक्व छु?
अथवा म त्यसप्रकारको महत्वपूर्ण निर्णय लिन तयार नहोउञ्जेलसम्मको लागि वृद्धि हुनको लागि अझै समय दिनुपर्छ (हिब्रू ५:१४)

टिप्पणी - कुनै निर्णय अथवा छनौट उचित भए तापनि त्यो व्यक्ति त्यस निर्णय अथवा छनौट गर्न परिपक्व भइसकेको छ भन्ने छैन।

(४) परमेश्वरले मैले विश्वासद्वारा काम गरेको चाहनुहुन्छ अथवा विश्वासद्वारा नै काम गर्न रोकेको चाहनुहुन्छ (हिब्रू ११:६)

टिप्पणी - तपाईं अझै पनि पूर्ण रूपमा शुद्धिकरण हुनुभएको छैन र तपाईंको समझ सीमित छ। गल्ती गर्नु मानवीय स्वभाव हो र गल्ती स्वीकार्नुचाहिँ साँचो विनम्रता हो। जब तपाईंले कुनै कुरा परमेश्वरको इच्छा हो भनी साँचोरूपमा बुझ्नुहुन्छ, तब तपाईंले त्यसमा विश्वासद्वारा काम गर्नुपर्छ। तैपनि, पछि गएर त्यो गलत निर्णय हुनपुग्यो भने तपाईंले परमेश्वरमाथि भरोसा राख्नुपर्छ कि उहाँले त्यस कुरालाई रद्द पार्नुहुन्छ र तपाईंको लागि अनि अरूहरूको लागि सबै परिणामहरू हेर्नुहुन्छ। परमेश्वर सार्वभौम हुनुहुन्छ। परमेश्वरलाई प्रेम गर्नेहरूका लागि उहाँले सबै समयमा र सबै कुरामा भलाइ नै गर्नुहुन्छ (रोमी ८:२८)!

७. प्रार्थना गर्नुहोस् र पवित्र आत्माको उत्प्रेरणालाई विचार गर्नुहोस्

परमेश्वरले तपाईंलाई प्रार्थनाद्वारा उहाँसम्मको प्रत्यक्ष पहुँच दिनुभएको छ (एफिसी ३:१२; हिब्रू ४:१६)।

(१) यस पाठका सबै सिद्धान्तहरूको जानकारीका बारेमा के मैले पर्याप्तरूपमा प्रार्थना गरेको छु (फिलिप्पी ४:६)

टिप्पणी - तपाईंका सबै अनुरोधहरू परमेश्वरलाई बताउनुहोस्। आफ्नो हृदय खोलेर उहाँलाई तपाईंका अभिप्रायहरू, चाहनाहरू, र भावनाहरू बताउनुहोस्। तपाईंले के गर्नुपर्छ भनी थाहा नपाउञ्जेल दृढतापूर्वक प्रार्थनामा लागिरहनुहोस्। तपाईंले केही विशेष कुराको निम्ति प्रार्थना गरिरहँदा के तपाईंले त्यस कुराको निम्ति प्रार्थना गर्न निरन्तर स्वतन्त्रताको अनुभव गर्नुहुन्छ?

तपाईंसम्म परमेश्वरको प्रत्यक्ष पहुँच छ र तपाईंलाई सबै सत्यतातर्फ डोऱ्याउन, तपाईंलाई पापको अनुभूति दिलाउनम, तपाईंलाई सबै कुराहरू सिकाउन अनि तपाईंलाई परमेश्वरको स्मरण गराउनको लागि उहाँले आफ्नो सल्लाहकार अथवा प्रतिनिधिको रूपमा तपाईंलाई पवित्र आत्मा दिनुभएको छ (यूहन्ना १४:२६; १६:८,१३-१४)।

(२) पवित्र आत्माले कुनै निश्चित कामतर्फ मलाई उत्प्रेरित गर्नुहुन्छ? (प्रेरित ११:१२)
अथवा त्यसबाट टाढा गराउनुहुन्छ? (प्रेरित १६:७)

टिप्पणी - पवित्र आत्माले तपाईंको हृदयमा आत्मगत रूपमा जे भन्नुहुन्छ, त्यो कुराले उहाँले बाइबलमा वस्तुपरक रूपमा भन्नुभएको कुरालाई खण्डन गर्दैन (एफिसी ६:१७)! तपाईंले दुष्ट आत्माको आवाज र ख्रीष्टको आवाजलाई ठम्याउन सक्नुपर्छ (यशैया ८:१९-२०; रोमी १०:१७; १ यूहन्ना ४:१)।

घ. परमेश्वरको इच्छा पत्ता लगाउने सन्दर्भमा तपाईंको जिम्मेवारी

परमेश्वरले निश्चय नै इसाईहरूलाई डोऱ्याउन चाहनुहुन्छ। उहाँले यसरी प्रतिज्ञा गर्नुहुन्छ, "म तँलाई शिक्षा दिनेछु, तँ कुन मार्गमा हिँड्नुपर्ने सो तँलाई सिकाउनेछु। म तँलाई परामर्श दिनेछु र तँमाथि नजर राख्नेछु" (भजन ३२:८)। तर परमेश्वरलाई के कुराले प्रसन्न तुल्याउँछ (एफिसी ५:१०) अनि परमेश्वरको इच्छा के हो (एफिसी ५:१७) भनी पत्ता लगाउन पक्कै इसाईहरू जिम्मेवार छन्।

१. ख्रीष्टजस्तै अनि परमेश्वरलाई प्रसन्न तुल्याउने कुराहरू छान्नुहोस्।

रोमी १२:१ पढ्नुहोस् अनि फिलिप्पी २:३-७; लूका २:४६-५२; १४:१०-१४ मा भएका उदाहरणहरू हेर्नुहोस्। **पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** कस्ता प्रकारका त्यागपूर्ण निर्णयहरू ख्रीष्टजस्तै र परमेश्वरलाई प्रसन्न तुल्याउने खालका छन्?

टिप्पणी -

- आफ्नो व्यक्तिगत अधिकारको काम मात्र गर्नुको साटो तपाईंले अरूको चाहनालाई पनि पूरा गर्न खोज्नुपर्छ (फिलिप्पी २:३-४)।
- आफ्नो परिवारको खर्चमा सफल जीवनशैली बनाउनुको साटो आफूलाई आफ्ना पारिवारिक जिम्मेवारीहरूप्रति समर्पित गर्नुहोस् (१ तिमोथी ३:४-५)।
- धार्मिक, शक्तिशाली र पहुँचवाला मानिसहरूलाई सहयोगात्मक र समर्थन गर्ने व्यवहार गर्नुको साटो गरिब, अपाङ्ग र थिचोमिचोमा परेकाहरूलाई आफ्नो जीवनमा निम्त्याउनुहोस् (लूका १४:१२-१४)।

२. परमेश्वरको वचनको विशेष तथा साधारण शिक्षाहरूमा आधारित भएर बुद्धिमानीसाथ निर्णयहरू गर्नुहोस्।

इसाईहरूले आफूले विचार गरिरहेकको विषयवस्तुको सम्बन्धमा पहिले बाइबलको विशेष आज्ञाहरू, निषेधाज्ञाहरू र शिक्षाहरूलाई मनन गर्नुपर्छ। कुनै विशेष आज्ञा, निषेधाज्ञा अथवा शिक्षा छैन भने इसाईहरूले परमेश्वरको निर्देशनका आधारमा सात वटा निर्देशनहरूलाई प्रयोग गर्नुपर्दछ।

(१) जानकारी जम्मा गर्नुहोस् - बाइबलका विशेष र साधारण निर्देशनहरूबाट जम्मा गर्नुभएको जानकारीलाई लिपिबद्ध गर्नुहोस्। परमेश्वरको अगुवाइका आधारमा बाइबलका विशेष निर्देशनका साथसाथै साधारण निर्देशनहरूलाई मनन गर्दा परमेश्वरले तपाईंलाई दिनुहुने विचारहरू लेख्नुहोस्। तपाईंका विचारहरूलाई तीन खण्डहरूमा वर्गिकरण गर्नुहोस्:

सकारात्मक तथ्यहरू र फाइदाहरू	**नकारात्मक तत्वहरू र बेफाइदाहरू**	**विकल्पहरू**
-	-	-
-	-	-
-	-	-
-	-	-
-	-	-
-	-	-
-	-	-

(२) पर्खनुहोस् - यदि सङ्केत अझै निर्णायक छैन भने तपाईले पर्खनुपर्छ, अझ बढी जानकारी बटुल्नुपर्छ र प्रार्थना गर्नुपर्छ।

(३) बुद्धिमान् हुनुहोस् - तपाईंको विषय भावनात्मकरूपमा बोझपूर्ण छ; जस्तै विपरीत लिङ्गीसँग सम्बन्धित रहने, विवाह, बिमारीबाट निको हुने, धार्मिक क्रियाकलापहरूमा सहभागी हुने आदि। छ भने अझ बढी वस्तुपरक सिद्धान्तहरूलाई बढी ध्यान दिनुहोस्: परमेश्वरको वचनका विशेष आज्ञाहरू, निषेधाज्ञाहरू र शिक्षाहरू अनि अरू परिपक्व इसाईहरूको परामर्श।

(४) सही अनुवाद गर्नुहोस् - तपाईंलाई प्रभावित पार्ने बाइबलका पदहरूमाथि भर नपर्नुहोस् तर बाइबललाई सहीरूपमा अनुवाद गर्नुहोस् (२ तिमोथी २:१५)

(५) निर्णय गर्नुहोस् अनि काम गर्नुहोस् - यदि सङ्केतले स्पष्टसँग एउटै दिशातिर लक्षित गर्छ भने जिम्मेवारीपूर्ण निर्णय लिनुहोस् र विश्वासद्वारा काम गर्नुहोस्।

(६) भरोसा गर्नुहोस् - यदि पछि आप्ठेरा परिस्थितिहरू आए भने, "परमेश्वरले तपाईंलाई उज्यालोमा भन्नुभएका कुरालाई अँध्यारोमा सङ्का नगर्नुहोस्।"

३. परमेश्वरको इच्छामा हिँड्नका लागि पालन गर्नुपर्न शर्तहरू पूरा गर्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - परमेश्वरको इच्छा पत्ता लगाउन र त्यसमा हिँड्नको लागि शर्तहरू के हुन्?

(१) परमेश्वरसँग व्यक्तिगत र घनिष्ठ सम्बन्धमा रहन आफैलाई जोड गर्नुहोस् (यूहन्ना १५:५)।

(२) बाइबलमा प्रकट गरिएका परमेश्वरका इच्छा पालन गर्न इच्छुक हुनुहोस् र साँच्चै नै तिनलाई पालन गर्नुहोस् (लूका ६:४६-४९: फिलिप्पी ४:९)।

(३) तपाईंका परिस्थितिहरूमा अभिव्यक्त भएको परमेश्वरको सार्वभौम गुप्त (प्रकट नगरिएको) इच्छामा समर्पित हुनुहोस् (रोमी ८:२८)।

(४) आफ्नो समझलाई नवीकरण गर्दै निरन्तर रूपमा परिवर्तित हुनुहोस् (रोमी १२:२: फिलिप्पी ४:८)।

एकातर्फ तपाईंले दुष्टको लोभ्याउने कुराहरू अथवा गलत प्रकारका दबावहरूलाई तपाईंलाई निर्माण गर्न दिनुहुँदैन। उदाहरणको लागि, तपाईंले फोहोरी अथवा असभ्य भाषा नबोल्नको लागि ध्यान दिनुहोस्। अश्लील वा घिनलाग्दा गीत गाउन वा सुन्नबाट टाढै रहनुहोस्। अश्लील पुस्तक र पत्र-पत्रिकाहरू नपढ्नुहोस्। अरूलाई लोभ्याउने खालका लुगाहरू नलगाउने कुरामा ध्यान दिनुहोस्। अरूले सङ्का गर्ने खालका गतिविधिहरूमा सहभागी नहुनुहोस्। सांसारिक सहकर्मीहरूसँग निजी शर्तहरूमा सामेल हुनदेखि टाढा हुनुहोस्।

अर्कोतर्फ, तपाईंले बाइबल पढेर, परमेश्वरको आत्माको आज्ञापालन गेरर, इसाईहरूसँग सङ्गति गरेर आफ्नो समझका सोचाइहरूलाई र आफ्नो हृदयका भावहरूलाई नवीकारण गर्नुपर्छ।


ङ. परमेश्वरको इच्छाको संक्षिप्त प्रस्तुति

सिकाउनुहोस् - परमेश्वरको अगुवाइ र निर्णय गर्ने कुराको सारंश:

१. बाइबलमा जहाँ विशेष आज्ञा, निषेधाज्ञा अथवा विशेष शिक्षा छ, त्यो तपाईंले पलान गर्नैपर्छ।

२. बाइबलमा जहाँ विशेष आज्ञा, निषेधाज्ञा अथवा शिक्षा छैन, त्यहाँ तपाईंले बाइबलका सात वटा साधारण निर्देशनहरूमा आधारित भई बुद्धिमानीसाथ निर्णय गर्नुपर्छ। अथवा तपाईंले आफ्नै स्वेच्छाले बाइबलको कुनै व्यक्तिको असल उदाहरण पछ्याउन सक्नुहुन्छ।

३. बाँकी हरेकथोकको लागि तपाईंले परमेश्वरको सार्वभौम हातहरूमा भरोसा गर्नुपर्छ, अर्थात् तपाईंले उहाँका सिद्ध प्रकट नगरिएका इच्छामा समर्पित हुनुपर्छ।



५	**प्रार्थना** (८ मिनेट) [प्रतिक्रियाहरू] परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज जे सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

६	**गृहकार्यको निम्ति तयारी** (२ मिनेट) अर्को पाठको निम्ति

(**समूहको अगुवा** - तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

१. **प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिवद्ध हुनुहोस्। 'परमेश्वरको इच्छा पत्ता लगाउनु' भन्ने शिक्षालाई अर्को व्यक्ति अथवा समूहका मानिसहरूलाई प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा उनीहरूसँग बसेर अध्ययन गर्नुहोस्। परमेश्वरको इच्छा खोज्ने सम्बन्धमा सात वटा साधारण निर्देशनहरू कण्ठ गर्नुहोस्। तपाईंले अहिले सामना गरिरहनुभएको महत्वपूर्ण निर्णय गर्नको लागि माथि उल्लेखित सिद्धान्तहरूका आधारमा प्रश्नहरूको प्रयोग गर्नुहोस्।

२. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन आधा अध्याय पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (प्रस्थान ६,७ र ८ अध्यायहरू)। प्रश्नहरू सोध्ने तरिकालाई प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

३. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। १ पत्रुस २:११-२५ - विषय : संसारमा दु:ख कष्ट भोग्नु। बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

४. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

५. **चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।